# माई नगरपालिका

## माई नगरपालिकाको कार्यालय

## शितली ,इलाम

Phone: ०२७-४१२२२२
Website: maimun.gov.np
Email:mainagarpalika@gmail.com
Facebook Page:माई नगरपालिका इलाम

कोशी प्रदेश, नेपाल

प.स.२०८२/०८३
च.नं.११६

मिति: २०८२/०५/०३

विषयः **निःशुल्क तालिम लिन इच्छुक व्यक्तिहरुका लागि निवेदन पेश गर्ने सम्वन्धि सूचना।**

प्रस्तुत विषयमा पोखरा भ्याली ट्रनिङ् इच्टिच्यूट प्रा लि पोखराको आयोजनामा यातायात र आवासीय सुविधा सहित निशुल्क रुपमा देहाय वमोजिमका तालिमहरु सञ्चालन हुने भएकाले नगरपालिका क्षेत्र भित्रका तालिम लिन इच्छुक व्यक्तिरुले देहायका कागज सहित निवेदन पेश गर्नुहुन जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

सञ्चालन हुने तालिम विवरण

| क सं | तालिम विवरण | अवधी | उमेर परिधी | शैक्षिक योग्यता | सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सिकर्मी र सटरिङ्ग | ४ महिना | १७-४० वर्ष भित्रका युवा | साधारण लेखपढ | १० जना | आवश्यकता भन्दा वढी निवेदन परेमा अन्तर्वार्ताको माध्यमवाट छनौट गरिनेछ । |
| २ | डकर्मी, प्लम्वर स्टिम फिक्चर्स | ४ महिना | | | १० जना | |
| ३ | इलेक्ट्रोनिक तथा मोवाइल मर्मत | ४ महिना | १७-२७ वर्ष भित्रका युवा | ८ कक्षा पास | २ जना | |
| ४ | वेसिक र एड्भान्स इलेक्ट्रोनिक | ६ महिना | | | २ जना | |

**पेश गर्नु पर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रतिलिपी २. पासपोर्ट साइजको २ प्रति फोटो ३. शैक्षिक प्रमाण पत्र प्रतिलिपी ४. अभिभावकसँगको सम्झौता पत्र ५. धरौटी रकम ५०००। (फिर्ता हुने गरी)

पुनश्च

- विस्तृत जानकारीको लागि पोखरा भ्याली टेक्निकल इन्टिच्यूट प्रा लि पोखरावाट यस कार्यालय समक्ष प्रेषित पत्र यसै साथ संलग्न छ ।
- थप जानकारीको लागि रोजगार सेवा केन्द्र (सम्पर्क नः ९८४४६८२१५०) मा सम्पर्क गर्न सकिनेछ ।

२०८२/०५/०५

लक्ष्मण भुर्तेल
प्रशासकीय अधिकृत

Govt. Regd. No.: 187786/074/075

PVTTI

# POKHARA VALLEY
## TECHNICAL TRAINING INSTITUTE PVT. LTD.

(Affiliated with CTEVT)
Pokhara-11 Ranipauwa
Kaski, Nepal
Tel: +977-61-522569, 9856031569
Email: cospnibl@gmail.com

मिति :- २०८२/०४/२५

श्री नगारपालिका प्रमुख ज्यु
माई नगरपालिकाको कार्यलय
ईलाम, नेपाल

**विषय :- निःशुल्क तालीम सञ्चालन सम्वन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा पोखरा भ्याली टेक्निकल टेनिङ्ग इन्स्टिच्युट प्रा.ली ले स्वदेशी मा उधमी, रोजगारि का साथै वैदेशीक रोजगारमा जान चाहने युवाहरुको लागि विभिन्न विषयमा निःशुल्क खाना बस्न सहितको सीप मुलक तालीम विभिन्न दर्तीय निकायको आर्थिक सहयोग बाट संचालन हुन लागेको हुदाँ यस रिट्नी माइग्रेन्ट र उहाँका घर परिवारको सदस्याहरु लाई तपशिल का तालीम मा समावेश गराई दिनु हुन अनुरोध साथ यो पत्र पठाईएको व्यहोरा जानकारी गराउदछौं ।

**तपशिल तालीमका विषय र समयअवधि**

| कस | तालीम विषय | अवधि | सहभागी उमेर | शैक्षीक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिकर्मी र सटरिङ्ग | ४ महिना | १७ - ४० वर्ष भित्रका | साधारण लेखपढ | १० जना |
| २ | डकर्मी प्लम्वर र स्टिल फिक्चर | ४ महिना | | | १० जना |
| ३ | इलेक्टोनिक तथा मोबाईल मर्मत | ४ महिना | १७ - २७ वर्ष भित्रका | ८कक्षा उत्तीर्ण | २ जना |
| ४ | वेशिक र एडभान्स इलेक्टीकल | ६ महिना | | | २ जना |

- **आवस्यक कागज पत्रहरु**

१) नेपाली नागरिक्ता प्रतिलिपि ...१, २) पासपोट साईज को फाटो......२, ३) शैक्षीक प्रमाण पत्र प्रतिलिपी....१,
४) अभिभावक मन्जुरी नामा र सम्झौता पत्र........१, ५) धरौटी रकम फिर्ता हुने गरी रु ५००० मात्र

- **तालीम मा सुविधाहरु**

१) तालीम पूर्ण रुपमा निशूल्क
२) खाना तथा बस्न निशूल्क ब्यावस्था
३) प्रतेक महिना रु १००० निर्भाहा भत्ता पाउने
४) आउने र जाने बस भाडा (एक पटक) को ब्यवस्था

- तालीम सहभागी दर्ता मिति : २०८२/०६/०५ भित्रमा र तालीम संचालन मिति : २०८२/०७/११ देखी

**सर्म्पक कार्यलय**

पोखरा भ्याली टेक्निकल टेनिङ्ग इन्स्टिच्युट प्रा.ली
पोखरा-११, रानीपौवा, फोन :०६१-५७२५६९, ९८५६०३१५६९, ,९७६६१३३५१८
Email : pvttibl@gmail.com &Whatsapp No : ९८०५१३४४२२

Bishnu
**ब्यावस्थापक**
बिस्णु प्रसाद लाम्छिाने

CamScanner

## पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) र तालिममा सहभागीको लागि सम्झौता पत्र ।

पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली ले संचालन गर्ने विभिन्न विषयका सिपमुलक तालिम विभिन्न स्पोनसर(डोनर बेश) तथा (फि बेश) शुल्क तिरेर संचालीत तालिम ...................................................................(तालिमको विषय) लागि पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) (यस पछि प्रथम पक्ष भनिने र तालिमा सहभागी म श्री..................................................को छोरा..............................................................निबासी श्री....................................................... (यस पछि दोस्रो पक्ष भनिने) बिच तल उल्लेखित बुदाहरु पालना गर्ने गरी सम्झौता भएको छ ।

### प्रथम पक्षको जिम्मेवारी

- प्राविधिक शिक्षा तथा व्यावासयिक तालिम परिषद (CTEVT) तथा सम्वन्धीत स्पोन्सरले निर्माण गरेको पाठ्क्रम अनुसारको निशुल्क तालिम संचालन गराउने छौ ।
- तालिमको स्थान पोखरा महानगरपालिका वडा न.११ रानीपौवा,कास्की स्थीत (PVTTI) को तालिमहलमा हुनेछ ।
- तालिमको अवधि भर खाने बस्ने सुविधा निशुल्क व्यावस्था गरिने छ ।
- तालिम मा सहभागीहरु लाई तालिम स्पोनसर/संघ/संस्था/कार्यलय को नियम अनुसारको यातायात खर्च, मासिक पकेट खर्च युनिर्फम आदि सुविधा नि-सर्थ उपलब्ध गराईने छ ।
- तालिम अवधि भर को लागि दुर्घटना बिमा गरिने छ ।
- तालिमको सम्पुर्ण कोर्ष पुरा भए पछि मात्र सहभागिले राखेको धरौटि रकम तथा प्रमाण पत्र वितरण गरिने छ ।
- तालिम को सम्पुर्ण कोर्ष पुरा नभएमा धरौटि रकम तथा प्रमाण पत्र उपलब्ध गराइने छैन ।

### दोस्रो पक्षको जिम्मेवारी

- यस तालिमा सक्रिय रुपमा भाग लिई सम्पुर्ण कोर्षलाई पुरा गनुपर्ने छ । यदि पुरा नगरेमा बाकी तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- PVTTI र तालिम सहभागी बिचको समझदारीमा बनेको समय तालिका तथा निति नियमहरु लाई पुर्ण रुपमा पालाना गनुपर्ने छ ।

CamScanner

- PVTTI ले निर्धारण गरेको होस्टेल को नियम निति पुर्ण पालाना गर्नुपर्ने छ । यदि सो निति नियम पालना नगरेमा होस्टेल बाट निस्कासन वा तालिम बाट समेत निस्कासन भएमा बाँकि होस्टेल र तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- यस तालिम अवधिभर कुनै पनि नसालु पदार्थ (रक्सि, गाजा,) सेवन गर्ने तथा गराउन पाइने छैन ।
- तालिम अवधिमा दुर्घटना बाहेक कुनै प्रकार को दु:ख बिमारी भएमा सहभागि ले नै उपचार खर्च व्यहोन पर्ने छ ।
- तालिम सम्पन्न भएपछि उक्त सिपको प्रयोग गरि रोजगार स्वरोजगार वा व्यावसाय गनुपर्ने छ । उक्त जानकारी PVTTI लाई उपलब्ध गराउनु पर्ने छ ।
- तालिम अबधिमा आफुले तालिम संग सम्बन्धी औजार उपकरण समुहमा रहेको औजार उपकरण स्टोर लाई बुझाउनु पर्नेछ ।
- पर्खाल तथा गेट बाट फिद्दकिएर गएको खण्डमा सहभागिलाई केही दुर्घाटना भएमा Insurance गरिने छैन ।
- PVTTI तथा अन्य संघ/संस्था/कार्यलय संगको समझदारी अनुसार पनि निति नियम पालना गर्नु पर्ने छ ।
- घरमा अति आवश्यक काम बाहेक अन्य कामको लागि बिदा दिइने छैन ।
- यो सहमती तालिम अवधिको लागि मात्र हुनेछ , यसमा समावेश नभएका बुदाहरु आपसी सहमतीमा गरिने छ ।

माथि उल्लेखीत सम्पुर्ण सर्त तथा वन्देजहरु बुझियो यस लाई पुर्ण पालना गरी तालिम कोर्ष पुरा गरिने छ भनि राजीखुशी साथ यस सम्झौता पत्रमा हस्ताक्षर गरेको छु । उक्त सम्झौता नेपाल सरकार को एन कानुन संग बाझिएमा नेपाल सरकार को नियम कानुन मान्य हुनेछ । यस सम्झौता पत्रको आधार मानी सम्पुर्ण कानुनी कारबाही व्यहोने छौ ।

| सहभागीकर्ता | साची (अभिभावक) | संस्थाको तर्फबाट |
|---|---|---|
| ................. | ......................... | ........................... |
| नाम: | नाम: | नाम: |
| ठेगाना: | सम्पर्क नम्वर: | पद: |
| सम्पर्क नम्वर: | नाता : | छाप: |
| मिति : | मिति : | |

CamScanner